OneHope
God's Word. Every Child.



# विश्व

## युवा संस्कृति

*डिजिटलसँग जोडिएका युवाका अन्तर्दृष्टिहरू*

# विषय-सूची

४ परिचय

५ धार्मिक प्रवृति र व्यवहारहरू
१६ व्यक्तिगत अनुभव र सङ्घर्ष
२५ डिजिटल संलग्नता र प्रभाव
३२ पहिचान र सम्बन्धहरु
४२ प्रभावहरु र मार्गनिर्देशक आवाजहरु

५० रोब होस्किनको पत्र
५१ एउटा-आशा बारे
५१ विधि-प्रक्रिया
५१ तथ्य सङ्कलन
५३ परिभाषाहरू

# परिचय

अहिले, विश्व जनसङ्ख्याको[1] ११% किशोर-किशोरीहरुले ओगटेका छन्। पृथ्वीका हरेक १० जना मानिसहरूमध्ये १ जना किशोर बाल्यावस्थादेखि वयस्क अवस्थातिर फड्को मार्दैगरेको पाइन्छ। १० जनामध्ये यो १ जना किशोर वा किशोरी आफ्नो यौवन यात्रातिर बढिरहेको, सामाजिक असहजपन सामना गरिरहेको, खोज-परीक्षणमा लागिरहेको, र गल्ती-भूलहरू गरिरहेको, साथसाथै आफ्ना भविष्यको कल्पना गर्न शुरुवात गरिरहेको हुन्छ।

हामीलाई थाहा छ, कि किशोरवस्थाका वर्षहरु कठिन हुन्छन्, र हामीलाई उत्सुक लागेका कुराहरुमध्ये एउटा कुरा उनीहरुको किशोरावस्थाको विश्वास यात्रा थियो। त्यसकारण हामीले विश्वभरि १३ वर्षदेखि १९ वर्षसम्मकाहरुलाई अनलाइन सर्वेक्षण पठायौं।

---

1 युनाइटेड नेशन्स जनसङ्ख्या वभिाग, कूल जनसङ्ख्या तथ्याङ्क आधार, https://population.un.org/wpp/DataQuery/ Accessed August 2020.



२० देशहरू

१४ भाषाहरू

८,३९४ डिजिटलरुपमा जोडिएका किशोर–किशोरीहरु

उमेर १३-१९

७० विषय सर्वेक्षण



**अफ्रिकाः** केन्या, नाइजेरिया, दक्षिण अफ्रिका (१,२७५ किशोर–किशोरीहरु बीच सर्वेक्षण गरिएको)

**एशियाः** चीन,इन्डिया,इन्डोनेशिया,जापान, भियतनाम (२,१०० किशोर–किशोरीहरु बीच सर्वेक्षण गरिएको)

**युरेशियाः** इजिप्ट,नेदरल्याण्ड, पोर्चुगल,रोमनिया, रसिया, स्पेन, सञ्युक्त राज्य (युके) (२,९३६ किशोर–किशोरीहरु बीच सर्वेक्षण गरिएको)

**ल्याटिन अमेरिकाः** अर्जेन्टिना, ब्राजिल, कोलम्बिया, मेक्सिको (१,६७३ किशोर–किशोरीहरु बीच सर्वेक्षण गरिएको)

**उत्तर अमेरिकाः** सञ्युक्त राज्य अमेरिका (४१० किशोर–किशोरीहरु बीच सर्वेक्षण गरिएको)

# किशोर–किशोरीहरूको बारेमा

**पुरुष** ५१%
**स्त्री** ४९%

उमेर समूह

| १३ | १४ | १५ | १६ | १७ | १८ | १९ |
|---|---|---|---|---|---|---|
| ५% | ४% | ६% | १३% | १५% | २७% | ३०% |

## अन्य धर्म **२३%**

- *मुस्लिम १२%*
- *बुद्धिस्ट ५%*
- *हिन्दु ४%*

## धर्म नभएको **३४%**

- *नास्तिक १५%*
- *धर्मनमान्ने १३%*
- *सन्देहवादी ५%*



## इसाई **४३%**

उनीहरुका जबाफहरु लगभग अहिलेजस्तै जटिल थिए। उनीहरुका प्रतिक्रिया पढ्दाखेरि हामी भावनाको रोलर कोस्टर चढाइमा पुग्यौं। ज्यादै थोरै व्यक्तिहरूले बाइबल खोलेका रहेछन् वा धार्मिक सेवामा सहभागी भएका रहेछन् भन्ने कुराले शुरुमा अचम्मित भयौं, त्यसपछि धेरैजनासँग सकारात्मक पारिवारिक अनुभव भएको पाउँदा खुशी भयौं, विश्वभरि मानसिक स्वास्थ्य समस्याहरु हामीले कल्पना गरेभन्दा उच्च रहेको थाहा पाउँदा साह्रै हृदय टुट्यो, उनीहरुको पहिचान अन्योलताले अकमक्क भयौं, उनीहरु परामर्शको निम्ति को व्यक्तितिर लाग्दा रहेछन् भन्ने कुराले फेरि चकित भयौं, र उनीहरुको विश्वासमा व्यक्तिगत अनुभव वा आमन्त्रणले पार्न सक्ने प्रभावमा आशाका केही किरणहरु पत्ता लगाउनु पुग्यौं।

हरेश नखाई हाल्नुहोस् है...यो रिपोर्ट गज्जब छ! तपाईंले यसलाई अन्तिमसम्मै हेर्न सक्नुभयो भने यो सारगर्भित र अत्यन्तै उपयोगी छ। किशोर-किशोरहरूको निर्माणमा यही कुरा लागू हुन्छ। किशोर-किशोरी निर्माण गर्ने कार्य कहिलेकाहीं जटिल, गाह्रो र निराशापूर्ण हुन सक्छ, तर उनीहरुले के सोचिरहेका हुन्छन् भन्ने कुरा तपाईं बुझ्नहुन्छ भने, तपाईंले किशोर-किशोरहरूलाई उनीहरुका अति चुनौतीपूर्ण तर निर्माणात्मक वर्षहरुमा सुरक्षित तरिकाले मार्गनिर्देशित हुन सहायता गर्न सक्नुहुन्छ।

# धार्मिक प्रवृति र व्यवहारहरु

# हामीले पत्ता लगाएको कुरा

## विश्वभरिका किशोर–किशोरीहरु...



विश्वभरिका किशोर–किशोरीहरुमध्ये **आधाभन्दा बढी** (५२%) ले **आफैले कहिल्यै धर्मशास्त्र नपढेको** बताउँछन्।

मण्डली नगएका किशोर–किशोरीहरूले **यदि बोलाइएमा मण्डली जान खुला** छौं भनी बताएका छन् र आफुले चिनेका इसाईहरू **दयालु र मायालु** छन् भनी उल्लेख गरेका छन्।

**आधाभन्दा बढी** (५२%) किशोर–किशोरीहरू **सबै धर्महरूले उतिकै सही सत्यताहरू सिकाउँदछन्** भनी विश्वास गर्दछन्। इसाईहरूले पनि गैर-इसाईहरूले जस्तै यसो भन्ने सम्भावना हुन्छ।

यो नछुटाउनुहोस्, है।


विश्वभरिका **तीन जना किशोर-किशोरीहरूमध्ये दुईजनाले** आफ्नो विश्वास वा आत्मिक यात्रा **हाम्रो पहिचानको महत्वपूर्ण पाटो हुन्** भनेका छन्।

**धार्मिक सेवा उपस्थिति, धर्मशास्त्र संलग्नता र प्रार्थनाको** कुरा आउँदा अन्य धर्मकाहरूमध्ये मुस्लिम जवान मानिसहरु **सबैभन्दा बढी अनुशासित** हुन्छन्।



## क्रिश्चियन किशोर-किशोरीहरू...

**४३%** किशोर-किशोरीहरुले **इसाईको रुपमा स्व-पहिचान** दिएको सर्वेक्षण पाइयो।







केवल **७%** ले एउटा **समर्पित इसाईका** विश्वास र बानीहरु प्रदर्शन गरेका छन्। (पृष्ठ ६ मा परिभाषा हेर्नुहोस्।)

स्व-पहिचान गर्ने इसाई किशोर-किशोरीहरुमध्ये **४०%** ले **कहिले बाइबल नपढेको** कुरा बताएका छन्।

इशाई मतका मुलभूत आस्थाहरु राख्ने, नियमित रुपले बाइबलमा सहभागी हुने र प्रार्थनाको बानी भएका किशोर-किशोरीहरुले **व्यक्तिगत सङ्घर्षहरूका दर अत्यन्तै कम** भएको उल्लेख गरेका छन्।

# सत्य के हो भने...

संभवतः आज विश्वव्यापी किशोर-किशोरीहरुका धार्मिक विश्वासको स्पष्ट तस्वीर पाउनु गाह्रो छ किनकि उनीहरु १ मात्रै धर्ममा सत्यता भेट्टाउन सकिन्छ भनी मान्न तयार हुँदैनन्।

विश्वव्यापी रुपमा आधाभन्दा बढी (५२%) किशोर–किशोरीहरू सबै धर्महरूले उतिकै सही सत्यताहरू सिकाउँदछन् भनी विश्वास गर्दछन्। इसाई किशोर-किशोरीहरुले पनि गैर-इसाईहरूले जस्तै यस्तो अडान लिने संभावना हुन्छ। इस्लाम, बौद्ध र हिन्दु धर्महरूजस्ता अन्य आस्था पहिचानका किशोर-किशोरीहरुले (६७%) भन्दा कम होइन—त्योभन्दा अझै बढी यस्तो अडान लिने संभावना हुन्छ।

के यो अन्योलपूर्ण छ? छ, तर स्मरण रहोस्, उनीहरू कुरा बुझ्न कोसिस गरिरहेका किशोर-किशोरी हुन्। उनीहरूले आत्मिक यात्रा आफ्नो पहिचानको महत्त्वपूर्ण पाटो हो भन्दछन् भने, आत्मिक सत्यता कहाँ पाउन सकिन्छ भन्ने बारे सीमित दृष्टिकोण राख्न पनि उनीहरू इन्कार गर्दछन्।

उनीहरूले सत्य खोजेको नदेखिनु, सत्य बताउने कुरा झनै कम देखिनुचाहिँ सत्यप्रति उनीहरुको प्रतिवद्दता कमि हुनुभन्दा पनि झनै बढी अन्योलपूर्ण छ। लगभग आधा (४६%) किशोर-किशोरीहरू विश्वास फरक भएका अरु व्यक्तिहरूसित विश्वासका विषयहरूमा छलफल गर्दैनन्।

**इसाई किशोर-किशोरीहरु पनि यस सोचले प्रभावित भएका देखिन्छन्। येशू ख्रीष्टमा विश्वासद्वारा मात्रै पाप क्षमा संभव छ भन्ने भनाइसित निकै थोरै सङ्ख्याका व्यक्तिहरु (३०%) असहमत छन्।**

## विश्वास बाँड्नु

*किशोर-किशोरीहरू आफ्ना विश्वासभन्दा फरकका व्यक्तिहरूलाई धार्मिक वा आत्मिक कुरा कतिको बताउँछन्? (मासिक रुपमा र अझै बढी)*

| सम्पूर्ण किशोर-किशोरीहरू | इसाई | मुस्लिम | अन्य धर्म |
|---|---|---|---|
| २८% | ३२% | ४६% | ३५% |

वास्तविकता के हो भने **४४% इसाई किशोर-किशोरीहरू अरु व्यक्तिहरुलाई आफ्नो विश्वास बताउने दायित्व हाम्रो हो भन्ने कुरा समेत स्वीकार गर्दैनन्।**

## विश्वव्यापी धार्मिक पहिचान

### अन्य धर्म **२३%**

- *मुस्लिम १२%*
- *बुद्दिस्ट ५%*
- *हिन्दु ४%*

### धर्म नभएको **३४%**

- *नास्तिक १५%*
- *धर्म नमान्ने १३%*
- *सन्देहवादी ५%*




### इसाई **४३%**

विश्वव्यापी रुपमा, **५ किशोर–किशोरीहरुमध्ये २ जनाले इसाईको रुपमा,** अन्य धर्मको रुपमा ४ जनामध्ये १ जनाले आफैलाई पहिचान गराए भने ३ जनामध्ये १ जना धार्मिक आवद्दता बाहिरका थिए। हामीले अध्ययन गरेका सबै क्षेत्रहरूमध्ये अफ्रिकामा सबैभन्दा बढी इसाईहरू पाइए भने एशियामा चाहिँ सबैभन्दा थोरै।

## क्षेत्रगत आधारमा धर्म

इसाई — अन्य धर्म — धर्म नभएको



# थोरै मात्रै समर्पित

येशूसँगको आफ्नो हिँडाइमा गम्भिर इसाई किशोर-किशोरीहरू व्यक्तित्वमा, उनीहरूको परिवेशमा र उनीहरूको सांस्कृतिक सन्दर्भको आधारमा विशाल रुपमा फरक देखिन सक्छन्। वान होपले उत्तरदाता समर्पित इसाई हो भन्ने कुरा इंगित गर्ने विश्वास र व्यवहारहरूको परिभाषा तयार पारेको हो।

## समर्पित इसाई किशोर-किशोरीहरूका ६ विशेषताहरू

- परमेश्वर हुनुहुन्छ र उहाँसित व्यक्तिगत सम्बन्ध स्थापना गर्न सक्छौं भन्ने विश्वास गर्दछन्।
- कमसेकम हप्तामा प्रार्थना गर्दछन्।
- कमसेकम हप्तामा आफै धर्मशास्त्र पढ्छन्।




- येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्छन्।
- येशू ख्रीष्टमा विश्वासद्वारा मात्रै पाप क्षमा संभव छ भनी विश्वास गर्दछन्।
- बाइबल परमेश्वरको वचन हो भनी विश्वास गर्दछन्।

** स्मरण रहोस्, यहोवाको साक्षी वा मोर्मन बाहेक आफूलाई इसाईको रुपमा चिनाउने किशोर-किशोरीहरु ती समर्पित इसाई हुन् जोहरू क्याथोलिक, सेभेन्थ डे एड्भेन्टिस्ट, अर्थोडक्स वा अन्य धेरै सम्प्रदायहरूका हुन सक्छन्।*

विश्वव्यापी रुपमा, समर्पित इसाई किशोर-किशोरीहरू धेरै थोरै छन्। ४३% प्रतिशतले इसाई-मतलाई आफ्नो धर्मको रुपमा दावी गरे तापनि ७% ले मात्रै आफ्नो इसाई हिँडाइप्रति प्रतिवद्द रहेको इंगित गर्ने विश्वास तथा व्यवहारहरू प्रदर्शन गर्दछन्।

*आफूलाई इसाईको रुपमा चिनाउने तर माथि उल्लेख गरिएको समर्पित इसाईका मुलभूत विश्वासहरू वा बानीहरूमध्ये १ वा त्योभन्दा बढी विश्वास वा व्यवहार प्रदर्शन नगर्ने किशोर-किशोरीहरू **नामधारी इसाई** हुन्।*

## क्षेत्रगत आधारमा समर्पित इसाईहरू




**विश्वव्यापी रुपमा १४ जना किशोर-किशोरीहरूमध्ये १ जना भन्दा कम व्यक्तिहरू बलियो, इसाई विश्वास र व्यवहारमा जिउन प्रतिवद्द छन्।**

अलिक ठूला किशोर-किशोरीहरू कम उमेरका किशोर-किशोरीहरूभन्दा बढी समर्पित हुने संभावना हुन्छ।

## उमेर आधारमा समर्पित इसाईहरू




# *समर्पित हुनुका फाइदाहरू*

समर्पित इसाई हुनुका सकारात्मक फाइदाहरु अकाट्य छन्। केही उदाहरणहरू मात्रै समावेश गरिएका छन्:


- समर्पित इसाईहरूले अन्य किशोर-किशोरीहरूले भन्दा हामी अहिले निराश भइरहेका छौं भन्ने संभावना कम हुन्छ (३५% विरुद्द ४६%)।
- उनीहरू वर्तमान आत्म-हत्या प्रयास सम्बन्धी गरिने प्रतिवेदन सम्भावनाको आधा भन्दा थोरै हुन्छन् (३% विरुद्द ७%)।
- उनीहरूले आफ्नो लिङ्गीय पहिचान सम्बन्धी हामी अन्योलपूर्ण छौं भन्ने संभावना कम हुन्छ (६% देखि ११%)।
- अन्य किशोर-किशोरीहरूको विश्वव्यापी औसतको तुलनामा आफूहरू समलिङ्गीप्रति आकर्षित छौं भन्ने संभावना लगभग आधा छ (१२% विरूद्द २१%)।

हामीले मापन गरेको लगभग सबै कुरामा जोखिमपूर्ण व्यवहारको दर र मानसिक स्वास्थ्य समस्याहरू इसाईहरूमा कम भएको प्रतिवेदनमा पाइयो।

## व्यक्तिगत सङ्घर्षहरू

*विगत तीन महिनामा मैले अनुभव गरेका कुराः*

सम्पूर्ण किशोर-किशोरीहरू | नामधारी इसाईहरू | समर्पित इसाईहरू




## धार्मिक व्यवहार

समर्पित इसाईहरूले पनि नामधारी इसाई किशोर-किशोरीहरूले भन्दा स्पष्ट रुपमा फरक धार्मिक व्यवहार प्रदर्शन गर्दछन्। जस्तै, तपाईंले यहाँ हेर्न सक्नुहुन्छः

नामधारी इसाई
समर्पित इसाई


### मण्डली सेवामा उपस्थिति

साप्ताहिक रुपमा वा त्योभन्दा बढी मण्डली सेवा जान्छन्।




### आफ्नो विश्वास बाँड्नु

अरुहरूलाई आफ्नो विश्वास वा धार्मिक आस्था बताउने हाम्रो दायित्व हो भनी विश्वास गर्छन्।




आफूभन्दा फरक विश्वास भएका व्यक्तिहरूलाई धार्मिक वा आत्मिक कुरा कम्तिमा महिनामा वा त्योभन्दा बढी बताइरहेका हुन्छन्।



# धार्मिक बानीहरू

## धर्मशास्त्र संलग्नता



**५२% किशोर-किशोरीहरूले कहिल्यै आफैले धर्मशास्त्र पढेका थिएनन्।**

**आधाभन्दा बढी (५२%) किशोर-किशोरीहरूले आफूले कहिल्यै धर्मशास्त्र नपढेको बताउँछन्।**

४०% स्व-पहिचान गर्ने इसाई किशोर-किशोरीहरूले आफूले कहिल्यै बाइबल नपढेको बताउँछन्।


आफ्नो बाइबल पढ्ने इसाई किशोर-किशोरीहरू (११%) को तुलनामा दैनिक रुपमा कुरानमा संलग्न हुने मुसलमानहरू (३६%) तीन गुणा बढी छन्।

### धर्मशास्त्रमा कम संलग्न भएकाहरू




*कहिल्यै धर्मशास्त्र नपढेको बताउनेहरू %*

## मण्डली सेवामा उपस्थिति




किशोर-किशोरीहरूले आफ्नो अन्य धार्मिक बानीहरूभन्दा प्रार्थनाको बानीचाहिँ छ भन्न सक्ने संभावना निकै धेरै हुन्छ।


धर्म जेसुकै भए पनि ४२% किशोर-किशोरीहरूले हप्तामा वा दिनदिनै प्रार्थना गर्दछौं भनी बताएका छन्। निम्न पृष्ठमा पूर्ण ब्रेकडाउन हेर्नुहोस्।

४१% इसाई किशोर-किशोरीहरू र अन्य धर्मका ३३% किशोर-किशोरीहरूको तुलनामा दैनिक प्रार्थना गर्छौं भनी बताउने ७२% मुस्लिमहरु ज्यादै अनुशासित रहेका छन्।

आत्मिक रुपमा एकिकृत जीवन जिउनु धार्मिक अभ्यासहरू पालन गर्नुभन्दा अत्यन्तै फरक कुरा हो। तपाईंले आराधना गर्ने ठाउँ र धर्मशास्त्रमा तपाईं संलग्न हुने विषयले महत्त्व राख्दछ र किशोर-किशोरीहरूले भोगेका अनुभवहरू साथै व्यक्तिगत सङ्घर्षहरूमा प्रत्यक्ष प्रभाव पार्दछ।


# विश्वव्यापी किशोर-किशोरीहरूका धार्मिक बानीहरु

हामीले किशोर-किशोरीहरूका आ-आफ्ना आस्था समुदायसितको भेला, धर्मशास्त्र पढाई, र प्रार्थनाजस्ता धार्मिक बानीहरू मापन गरेका थियौं। हाम्रो अध्ययनमा सबै धर्महरूमध्ये मुस्लिम जवान मानिसहरूले आफ्नो आत्मिक अभ्यासहरूमा सबैभन्दा बढी अनुशासन प्रदर्शन गरेका थिए।






# पहिचानको रुपमा आत्मिक्ता




पहिला मण्डली नगएका **४१%** किशोर-किशोरीहरूले यदि निमन्त्रणा दिइएमा मण्डली आउने छौं भन्ने जबाफ दिएका छन्।

**३४%** ले थाह छैन भन्ने जबाफ दिएका छन्।

---

मैले कोही इसाईहरूलाई चिनेको छैनँ।




**अचम्मको कुरो, विश्वभरिका किशोर-किशोरीहरूले आफ्नो धार्मिक आवद्दता जेसुकै भए तापनि आत्मिक्ता खोजिरहेका हुन्छन्।**


विश्वभरिका ३ जना किशोर-किशोरीहरूमध्ये २ जनाले आफ्नो आस्था वा आत्मिक यात्रा आफ्नो पहिचानको महत्त्वपूर्ण पाटो हुन् भनी बताएका छन्। धर्मसँग नजोडिएका झण्डै आधा (४४%) किशोर-किशोरीहरुले पनि स्पष्ट रुपमा यसै भन्ने गर्छन्।

पहिले मण्डली नगएका ४१% जना किशोर-किशोरीहरूले निमन्त्रणा दिइएमा मण्डली आउने छौं भन्दछन्। ४ जनामध्ये १ जनाले मात्रै मण्डली आउँदिनँ भनेको पाइन्छ।

**अझै शुभ खवर: किशोर-किशोरीहरूले आफ्नो जीवनमा विश्वासीहरूको बारेमा सकारात्मक दृष्टिकोण राख्दछन्।**

७१% गैर-इसाई किशोर-किशोरीहरूले आफूले चिनेका अधिकांश इसाईहरू दयालु र मायालु भएको बताए। यधपि, केही एशियाली मुलुकहरूमा किशोर-किशोरीहरूको निकै ठूलो सङ्ख्याले कोही इसाईहरूलाई बिलकुल नचिनेको बताए।

## मण्डली सेवामा किशोर-किशोरीहरू उपस्थित हुन्छन्



# निष्कर्ष

स्मरण रहोस्, यो त झलक मात्रै हो। शुभ खबर छ, कि किशोर-किशोरीहरूले यहाँ दर्शाएका प्रवृति र बानीहरु स्थापित मान्यतादेखि टाढा छन्। यो खोजले हामीलाई महत्त्वपूर्ण अन्तर्दृष्टि प्रदान गर्दछ र किशोर-किशोरीहरूको उमेरअनुसार उनीहरूलाई मार्गनिर्देशन गर्न कसरी सहयोग पुर्‍याउने भन्ने सम्बन्धमा केही व्यावहारिक औचित्य र प्रयोगहरूतर्फ हामीलाई औंल्याउँदछ।

- **प्रश्न गर्नको निम्ति यसले हामीलाई दुःखित तुल्याउँदैन!**
  समग्रमा, किशोर-किशोरीहरू आत्मिक रुपमा खुला हुन्छन्, र गैर-इसाईहरु मण्डलीमा आउन तपाईंले सोचेको भन्दा बढी इच्छुक हुन सक्छन्। उनीहरूमा इसाईहरूको बारेमा दयालु र मायालु व्यक्तिको रुपमा पहिल्यै सकारात्मक धारणा रहेको हुन्छ। तपाईं उनीहरूको अनन्त नियति बारेमा वास्ता राख्नहुन्छ भन्ने कुरा उनीहरूलाई देखाउनुहोस्, र तपाईंको आफ्नै पहिचानको महत्त्वपूर्ण पाटो आत्मिक यात्रा बताउन नडराउनुहोस्।

- **सही कुरामा विश्वास गर्नु मात्रै पर्याप्त हुँदैन।**
  इसाई–मतका मुलभूत आस्थाहरु मान्ने र धर्मशास्त्र संलग्नता र प्रार्थनाको बानी १साथ जोड्ने किशोर-किशोरीहरूले आफ्नो जीवनमा ठूलो अन्तर देख्दछन्। किशोर-किशोरीहरूलाई परमेश्वरको वचन र प्रार्थनाद्वारा परमेश्वरमा संलग्न हुन उदाहरण देखाउँदै र उत्साह दिँदै नामधारी इसाईहरूदेखि समर्पित इसाईहरू बन्नतिर अग्रसर हुन सहायता गर्नु अत्यन्तै महत्त्वपूर्ण हुन्छ। यी दुई क्षेत्रहरूमा किशोर-किशोरीहरूलाई चेलाको रुपमा निर्माण गर्न केन्द्रित हुनुहोस्, र तपाईंले उनीहरूको जीवनमा अन्य कुराहरू हुन थालेको पाउनु सक्नु हुनेछ।

- **ख्रीष्टलाई पछ्याउनु भनेको पहिचान र अनुशासन दुवै हो।**
  विश्वास महत्त्वपूर्ण कुरा हो भनी किशोर-किशोरीहरू झट्टै सहमत हुन सक्छन्, तर सबै विश्वासमा बचाउने शक्ति भने हुँदैन। इसाई किशोर-किशोरीहरू येशू ख्रीष्टमा विश्वासद्वारा मात्रै पाप क्षमा संभव छ भन्ने अखण्ड सत्यको निम्ति उभिन तम्तयार हुनु जरूरी हुन्छ। हरेक जवान व्यक्तिले सुन्नु र स्वयम विश्वासमा आउनु आवश्यक छ भन्ने कुरा नै सुसमाचारको मर्म हो।




# व्यक्तिगत अनुभव र सङ्घर्षहरू


# हामीले पत्ता लगाएको कुरा

किशोर-किशोरीहरूको ठूलो सङ्ख्या उच्च चिन्ता,एक्लोपन, निराशा, र आत्म-हत्याका सोच तथा प्रयासहरू वर्णन गर्ने मानसिक स्वास्थ्यसँग जुधिरहेका हुन्छन्।



**विश्वव्यापी रुपमा ४ जना किशोर-किशोरीहरूमध्ये १** जनाले **गत तीन महिनाभित्र आत्म-हत्याका सोचहरू** आएको उल्लेख छ।




**१४ जना किशोर-किशोरीहरूमध्ये १** जनाले आफ्नो जीवन समाप्त गर्न **साँचिकै प्रयास गरेको** उल्लेख छ।

मानसिक स्वास्थ्यको कुरा आउँदा किशोरहरू भन्दा **किशोरीहरू बढी प्रभावित हुन्छन् भने आत्म-हत्याको प्रयास गरेको भनी बताउने संभावना लगभग दुईगुणा बढी हुन्छ।**




विश्वभरिका किशोर-किशोरीहरू




**१० जना किशोर-किशोरीहरूमध्ये ३** जनाले विश्वभरि गत तीन महिनामा यौनिक रुपमा सक्रिय रहेको उल्लेख छ।

इसाईहरू



**इसाईहरू माझ त यसको दर झन उच्च छ**
(३ जनामा १ जना)

*नोटः यसले अविवाहित किशोर-किशोरीहरूलाई प्रतिनिधित्व गर्दछ।*



**५ जना किशोर-किशोरीहरूमध्ये १** जनाले **विगत तीन महिनाभित्र समान लिङ्गको व्यक्तिसित यौनिक रुपमा आकर्षित** भएको उल्लेख छ।

# किशोर-किशोरीहरूको वास्तविकता झलक

यस अध्ययनका किशोर-किशोरीहरू आफूले भोगिरहेका कतिपय गम्भीर व्यक्तिगत समस्याहरू बताउनमा, आजको संसारमा जवान हुनुको जटिल वास्तविकताहरू बाँड्नमा स्पष्टवादी थिए। असहज हुन सक्ने भएकोले उनीहरूको नजरबाट जीवन कस्तो देखिदो रहेछ भनी नियाल्न तम्तयार हुन्छौं भने मात्रै हामी उनीहरूलाई बुझ्न र सहायता गर्न सक्छौं।


## मानसिक स्वास्थ्यप्रति चिन्तापूर्ण दृष्टि

कोरोना भाइरस महामारी अघि पनि किशोर-किशोरीहरूमा, विशेष गरी किशोरीहरु माझ एक्लोपन, चिन्ता, निराशा, आत्म-हत्या, यौन क्रियाकलाप, समलिङ्गी आकर्षण सम्बन्धी सङ्घर्षका डरलाग्दो दर रहेको उल्लेख छ।

यो आङ्कडाचाहिँ किशोर-किशोरीहरूले जीवनलाई हेर्ने र अनुभूति गर्ने कुरा प्रतिविम्बित गर्ने व्यापक तर गहिरो व्यक्तिगत तहमा उनीहरूको मानसिक स्वास्थ्य नियाल्ने एउटा झ्याल हो।


*कृपया ध्यान दिनुहोलाः खासमा यी कुरा निराश वा चिन्ताका उपचार गरिने तहका समस्या होइनन्। किशोर-किशोरीहरूलाई प्रस्तुत गरिएका शब्दहरू आफैले व्याख्या गरे अनि यी कुरा अनुभव गरेजस्तै महसुस भएको आफैले बताए।*

## सङ्घर्ष आधारमा मुख्य देशहरू





## विश्वव्यापी मानसिक स्वास्थ्य


उच्च चिन्ता




निराशा




एक्लोपन



**३ जनामा १ जना वा बढीको दर भएका ४ देशहरूमा ४ जना किशोर-किशोरीहरूमध्ये १ जनाले आत्म-हत्याको सोच आएको उल्लेख छ।**

१० जनामध्ये १ जनाभन्दा बढी दर उल्लेख भएका ४ देशहरूमा विगत तीन महिना भित्र ७% किशोर-किशोरीहरू (१४ जनामा १ जना) ले विश्वभरि आत्म-हत्याको प्रयास गरेको उल्लेख छ।

हाम्रो अध्ययनमा उमेर प्रवृति अवलोकन गर्रिंदा आत्म-हत्याका प्रयासहरू कम किशोर-किशोरीहरूमा सबैभन्दा बढी र बढी उमेरका किशोर-किशोरीहरूमा सबैभन्दा कम भएको पाइयो।

*कृपया ध्यान दिनुहोलाः यो आङ्कडा अस्पतालका अभिलेखहरू, वा देशको घटना प्रतिवेदनबाट लिइएको नभएर किशोर-किशोरीहरू स्वयमले उल्लेख गरेका हुन् जुनचाहिँ यो विषय सम्बन्धी कतिपय घटनाहरूमा अन्य खोज-अध्ययनको आधार बन्छ भन्ने कुरा संझनु महत्त्वपूर्ण हुन्छ।*

> विश्वव्यापी रुपमा ४ जना किशोर-किशोरीहरूमध्ये १ जनामा आत्म-हत्याका सोचहरू आएको उल्लेख छ।

## सङ्घर्ष आधारमा मुख्य देशहरू

**आत्म-हत्याका सोचहरु**

| | | |
|---|---|---|
| १ | युएसए | ३५% |
| २ | मेक्सिको | ३५% |
| ३ | सञ्युक्त राज्य (यु.के.) | ३५% |
| ४ | ब्राजिल | ३३% |

**आत्म-हत्याका प्रयासहरु**

| | | |
|---|---|---|
| १ | १७% | इन्डिया |
| २ | १४% | मेक्सिको |
| ३ | १२% | अर्जेन्टिना |
| ४ | ११% | कोलम्बिया |


## उमेर आधारमा आत्म-हत्या प्रयासहरू

| | | |
|---|---|---|
| ८% | ७% | ६% |
| १३-१५ | १६-१७ | १८-१९ |

# अन्धकार ठाउँहरू

अन्धकार ठाउँहरूका किशोर-किशोरीहरूले दुस्सहासपूर्ण कदमहरू उठाउने विचार गर्न सक्छन्। निराशा, चिन्ता, दुर्व्यसन वा मदिरा कुलत, अनलाइन डर-धम्की, लिङ्गी पहिचान वा यौन आकर्षणजस्ता समस्याहरूसँग जुधिरहेका किशोर-किशोरीहरू आत्म-हत्याका सोच र प्रयासहरूको ज्यादै उच्च जोखिममा छन् भन्ने कुरा हाम्रो अनुसन्धानले स्पष्ट रुपमा प्रकाश पारेको छ।

## उच्च आत्म-हत्या जोखिमसँग जोडिएका ७ कारक तत्त्वहरू





जब आत्म-हत्याका विचारहरू र प्रयासहरूको कुरा आउँछ, यी विषय पृष्ठमा अङ्कित प्रतिशतहरू मात्रै होइनन्—यी त वास्तविक जीवन हुन्। यी आङ्कडाहरू हृदयविदारक छन्। प्रत्येक आङ्कडाले आफ्नो जीवन समाप्त पारौं-पारौं लाग्ने गरी सारै निराश हुने किशोर वा किशोरीको प्रतिनिधित्व गर्दछ। हामीले अन्धकारमा उज्यालो ल्याउनु पर्छ।

> *"अँध्यारोमा बसेका मानिसहरूले एउटा ठूलो ज्योति देखे, र मृत्युका देश र छायामुनि बसेकाहरूका लागि एउटा ज्योति उदय भयो।" —मत्ती ४:१६*

## किशोरीहरूको सङ्घर्ष बढी हुन्छ


क्षेत्रहरू र धर्महरू सबैतिर अवलोकन गरिएका किशोरीहरू र किशोरहरू बीच एकदमै भिन्नताहरूको सन्दर्भमा किशोरीहरूको मानसिक स्वास्थ्य दृष्टिकोण र पहिचानको कुरा आउँदा किशोरीहरूले किशोरहरूले भन्दा ज्यादै बढी सङ्घर्ष गरिरहेका हुन्छन्। दुःखलाग्दो कुरा, समर्पित इसाई हुनुले यहाँ कथा परिवर्तन हुँदैन। समग्रमा, समर्पित इसाईहरू माझ व्यक्तिगत संघर्ष दरहरू कम छन्, तर यी प्रत्येक विषयमा किशोरहरू र किशोरीहरू बीच उल्लेखनीय अन्तर रहेको पाइन्छ।




# *किशोर-किशोरीहरू — इसाईहरू पनि — यौन कार्यमा लागिरहेका हुन्छन्*

अफ्रिकाका किशोर-किशोरीहरू यौन कार्यमा एकदमै बढी र एशियाका किशोर-किशोरीहरू धेरै कम रहेको प्रतिवेदनमा **विश्वभरि १० जना किशोर-किशोरीहरूमध्ये ३ जना यौनिक रुपमा विगत तीन महिनाभित्र सक्रिय** रहेको उल्लेख छ।


## देश आधारमा यौनिक रुपमा सक्रिय




साना उमेरका किशोर-किशोरीहरू (१३-१५) को तुलनामा ठूला उमेरका किशोर-किशोरीहरू (१८-१९) माझ यौन क्रियाकलाप तीन गुणा बढी रहेको थियो। यधपि, १६ वर्ष मुनिका १० जनामध्ये १ जनाभन्दा बढी किशोर-किशोरीहरूले भर्खरै यौन क्रियाकलाप गरेको लगायत स्व-पहिचान गर्ने इसाईहरू माझ यौन क्रियाकलाप दर कहिलेकाहीं झन उच्च रहेको पाइयो।


*कृपया ध्यान दिनुहोलाः यसले संभावित व्यवहारहरूको व्यापक श्रृङ्खला प्रतिनिधित्व गर्दछ, तर यस सवालमा स्व-उल्लेख गर्दै किशोर-किशोरीहरूले यौनिक रुपमा सक्रिय हुनुको अर्थ आफैले परिभाषित गरे। वैवाहिक जीवन बाहिरको यौनलाई मात्रै प्रतिनिधित्व गर्ने आङ्कडा सुनिश्चित गर्नको निम्ति विवाह भैसकेको बताउने कुनै पनि किशोर-किशोरीहरूलाई समावेश गरिएको थिएन।*

## उमेर आधारमा यौनिक रुपमा सक्रिय





## इसाई किशोर-किशोरीहरूका प्रश्न-उत्तरहरू


यौन सम्बन्ध सही वा गलत हो भन्ने सोचेर वा नसोचेर किशोर-किशोरीहरूले यौन सम्बन्ध राखिरहेका हुन्छन्। यौन सम्बन्ध विवाहको निम्ति साँचिएको हो भन्ने बाइबलीय शिक्षाको बाबजुद इसाई किशोर-किशोरीहरू औसत किशोर-किशोरीभन्दा बढी यौन क्रियाकलापमा संलग्न भइरहेका हुन्छन्।




यस विषयमा फरक संस्कृतिहरूमा फरक-फरक दृश्टिकोणहरु रहेका छन्।

## विवाहपूर्व यौन सम्बन्ध राख्नु ठीक छ त?




सबैभन्दा बढी/सबैभन्दा कमि "ठीक छ" प्रतिक्रिया

# *अश्लील सामाग्री व्यापक छ।*

किशोर-किशोरीहरूले आफ्नो यौनिकताको खोज गरिरहेका हुन्छन्।

झण्डै आधा (४८%) किशोर-किशोरीहरूले अश्लील सामाग्री हेरेको स्वीकार्दछन्।

किशोरीहरूले भन्दा किशोरहरूले गत ३ महिनाभित्र बढी अश्लीलजन्य सामाग्री हेरेको कुरा पाइयो (४०% विरूद्द ५६%)।

साना उमेरका किशोर-किशोरीहरूले भन्दा ठूला उमेरका किशोर-किशोरीहरूले बढी अश्लील सामाग्री प्रयोग गर्दछन्, तर न्यूनतम दर पनि अझै भयावह छ—५ जनामा २ जना!

४८% किशोर-किशोरीहरूले अश्लील सामाग्री हेरेको स्वीकार गर्दछन्।

## उमेर आधारमा सामाग्री




## इसाई किशोर-किशोरीहरूका प्रश्न-उत्तरहरू



# निष्कर्ष

किशोर-किशोरीहरूले भोगिरहेका शारीरिक तथा भावनात्मक परीक्षाहरू र सङ्घर्षहरू डरलाग्दा छन्। उनीहरूको वास्तविकता थाहा पाउनाले सुसूचित भईकन समानुभूतीपूर्ण बनी कार्यतिर हामी अग्रसर बन्न सक्छौं।

- **यौनिकताको क्षेत्रमा इसाई किशोर-किशोरीहरूलाई चेलापनको आवश्यकता पर्दछ।**
  आजका धेरै किशोर-किशोरीहरूले यौनलाई विवाहको पवित्र सन्दर्भदेखि अलग गरिरहेका छन्। समर्पित इसाईहरूले विवाहपूर्ण यौन सम्बन्ध गलत हो भन्ने बुझाइ प्रदर्शन गर्दछन् तर उनीहरूका नैतिक विश्वासले उनीहरूलाई परीक्षामा फँस्नदेखि बन्चित गरिरहेको छैन। बाइबलले यसो भन्दछ भनेर किशोर-किशोरीहरूलाई सिकाउनु मात्रै पर्याप्त हुँदैन; यौनिकताको उपहारलाई कदर गर्ने र जोगाउने बाइबलीय दृष्टिकोणअनुसार जिउनको निम्ति किशोर-किशोरीहरूलाई सक्रियतापूर्वक प्रोत्साहित गर्ने तरिका हामीले थाहा पाउनु पर्दछ।

- **अश्लील सामाग्री प्रयोग यस पुस्ताको ठूलो समस्या हो।**
  उमेर वा धर्मले किशोर-किशोरीलाई यौन भावना र चहानाबाट जोगाउँछ भनी हामी कल्पना गर्न सक्तैनौं। येशूसित जिइरहेको र धर्मशास्त्रमा नियमित तल्लीन भइरहने किशोर-किशोरी पनि यस क्षेत्रमा सङ्घर्षरत हुने संभावना छ भनी अङ्कहरूले देखाउछन्।

- **किशोरीहरूलाई थप साथ-सहयोग आवश्यकता पर्दछ।**
  लिङ्गको आधारमा व्यक्तिगत सङ्घर्ष दरका भिन्नताहरू अकाट्य छन्, र किशोरीहरू बीचका उच्च दरहरू नजरअन्दाज गर्न सकिन्न। किशोरीहरूले आफ्नो लिङ्गको सन्दर्भमा भोग्ने विशेष सङ्घर्षहरू र तीतस २:३-५ ले बताएको नमूनाजस्तै आफ्ना जवान समकक्षीहरूलाई चेला बनाउनको निम्ति अनुभवी स्त्रीहरूलाई हामीले निरन्तर रुपमा सशक्तिकरण गर्नु अनिवार्य हुन्छ भन्ने तथ्य विचार गर्नुहोस्।



# डिजिटल सम्बद्धता र प्रभाव

# हामीले पत्ता लगाएको कुरा



किशोर-किशोरीहरूले दैनिक रुपमा अनलाईनमा औसत **७ घण्टा २३ मिनेट** बिताइरहेका हुन्छन्।

**अधिक इन्टरनेट प्रयोगकर्ता** किशोर-किशोरीहरू (दैनिक १० घण्टाभन्दा बढी) ले **मानसिक स्वास्थ्य झेलिरहेका** हुन्छन्।









किशोर-किशोरीहरूले **हरेक दिन भिडियोहरू हेर्छौं** भनेका छन्।






अधिकांश किशोर-किशोरीहरूले **सामाजिक सन्जालले उनीहरूको जीवन सन्तुष्टिमा योगदान पुर्‍याइरहेको** कुरा बताउँछन्।

**दिनमा घण्टा वा कम** सामाजिक सन्जाल प्रयोग गर्ने किशोर-किशोरीरहरू **६४%** छन्।



## धर्म र देश आधारमा प्रविधि समय

आजका किशोर-किशोरीहरू हर समय अनलाइनमा हुन्छन्। खासमा त्यस्तो त होइन, तर लगभगचाहिँ हो।





| | देश |
|---|---|
| ९:२९ | ब्राजिल |
| ९:०७ | इन्डोनेशिया |
| ८:२९ | अर्जेन्टिना |
| ८:२८ | नाइजेरिया |
| ७:५४ | रसिया |
| ७:४० | केन्या |
| ७:३५ | युनाइटेड स्टेट्स |
| ७:३४ | इन्डिया |
| ७:२२ | मेक्सिको |
| ७:२२ | दक्षीण अफ्रिका |
| ७:१९ | कोलम्बिया |
| ७:१९ | सङ्युक्त राज्य (यु.के.) |
| ७:०८ | पोर्चुगल |
| ६:५० | भियतनाम |
| ६:४५ | स्पेन |
| ६:४३ | इजिप्ट |
| ६:४२ | नेदरल्याण्ड |
| ६:२९ | रोमानिया |
| ६:०३ | जापान |
| ५:२४ | चीन |

सर्वेक्षण गरिएका २० देशहरूमा किशोर-किशोरीहरूले औसत ७ घण्टा २३ मिनेट दैनिक अनलाइन समय बिताइहरेका हुन्छन्। ब्राजिलका किशोर-किशोरीहरू ९ घण्टा ५ मिनेट जति अधिकांश समय अनलाइनमा दैनिक बिताउँछन्, र वर्णपटको अर्को छेउमा चीनका किशोर-किशोरीहरू भने न्यूनत्तम समय ५ घण्टा ५ मिनेट जति दैनिक अनलाइनमा बिताउँछन्।



## विश्वभरि क्रियाकलाप आधारमा बिताइएको समय




वर्गीकरणअनुसार मुख्य देश

| | |
|---|---|
| केन्या | ३:४५ |
| नाइजेरिया | ४:०० |
| युएसए | २:४७ |
| अर्जेन्टिना | २:३८ |




**९४%** किशोर-किशोरीहरू प्रत्येक दिन भिडियो हेर्छन्।

लगभग सबै किशोर-किशोरीहरू सामाजिक सन्जाल प्रयोग गर्दछन्। अधिकांश किशोर-किशोरीहरू (६४%) यी प्लेटफर्महरूमा दिनमा १ घण्टाभन्दा कम समय बिताउँछन् र उनीहरूका अनुभवहरुको हकमा उनीहरूका भावनाहरू एकदमै मिश्रित छन्:

- **५ जना किशोर-किशोरीहरू मध्ये ३** जनाले सामाजिक सन्जालले आफूलाई जीवनमा सन्तुष्ट महसुस गर्न सहायता गर्दछ भनेका छन्।
- **५०% भन्दा बढी** किशोर-किशोरीहरूले सामाजिक सन्जालले आफूलाई निराश, चिन्तित, वा उदास बनाउन सक्छ भनेका छन्।

## सामाजिक सन्जालले मलाई निराश, चिन्तित, वा उदास तुल्याउँछ।




# प्रविधि असर

किशोर-किशोरीहरूले आफ्ना अनलाइन प्रयोग आदतहरु र समय सम्बन्धी दिएका प्रतिक्रियाहरूको विविधता व्यापक थियो, त्यसैले हामीले उत्तरदाताहरूलाई हल्का इन्टरनेट प्रयोगकर्ताहरू (दिनमा ०-४ घण्टा अनलाइन); मध्यम इन्टरनेट प्रयोगकर्ताहरू (दिनमा ४:१-९.९ घण्टा अनलाइन); र अधिक इन्टरनेट प्रयोगकर्ताहरू (दिनमा १० भन्दा बढी अनलाइन) मा वर्गीकरण गर्‍यौं।

अत्यधिक र हल्का इन्टरनेट प्रयोगकर्ताहरूका विभिन्न दृष्टिकोणहरू अत्यन्तै रोचक थिए।

सम्वद्दताले निश्चित सांस्कृतिक दृष्टिकोणहरू र विचारहरू चित्रण गर्दछ भनी तथ्याङ्क प्रवृतिहरूले इङ्गित गर्दछन्। उदाहरणार्थ, अत्यधिक इन्टरनेट प्रयोगकर्ता किशोर-किशोरीहरूले विवाहपूर्व यौन सम्बन्ध ठीक छ र फरक लिङ्ग बन्नको निम्ति तपाईंको शरीरलाई परिवर्तन गर्नु यौन सम्बन्ध स्वीकारयोग्य छ भन्न सक्ने संभावना बढी हुन्छ। अनलाइनमा धेरै समय बिताइरहेका किशोर-किशोरीहरू विश्वको र नैतिकताको व्यापक दृष्टिकोणले प्रभावित हुन सक्ने भएकाले सायद यस्तो कतिपय कुरा सामान्य भएको होला।

## इन्टरनेट प्रयोग र जीवन अनुभव




# डिजिल वास्तविक जीवनसित जोडिदा

## इन्टरनेट प्रयोग र व्यक्तिगत सङ्घर्षहरू

**हल्का इन्टरनेट प्रयोगकर्ताहरू**
*(दिनमा ०-४ घण्टा अनलाइन)*

**अधिक इन्टरनेट प्रयोगकर्ताहरू**
*(दिनमा १० भन्दा बढी अनलाइन)*

*विगत तीन महिनाभित्र मैले अनुभव गरेका कुराः*




जब किशोर-किशोरीको अनलाइन र वास्तविक जीवन अनुभवहरु जोडिए, अधिक इन्टरनेट प्रयोगकर्ताहरू मानसिक स्वास्थ्यबाट बढी ग्रसित हुन्छन् भन्ने कुरा तथ्याङ्कले स्पष्ट देखायो।

यी निष्कर्षहरू चिन्ताको गहन विषय भए पनि बढ्दो अनलाइन समय र बढ्दो व्यक्तिगत सङ्घर्षहरू बीचको सम्बन्ध स्पष्ट छैन। अधिक इन्टरनेट प्रयोगले किशोर-किशोरीहरूका जीवनमा ती व्यक्तिगत सङ्घर्षहरूलाई बढावा दिने संभावना रहन्छ। अर्कोतिर, मानसिक स्वास्थ्यसित पहिलेदेखि नै जुधिरहेका किशोर-किशोरीहरू छुटकारा पाउने प्रयास स्वरुप डिजिटल उपायतिर लागिरहेका हुन सक्छन्।

किशोर उमेरका वर्षहरू कमजोर मानसिक स्वास्थ्य अवस्था उत्पन्न गर्न सक्ने हर्मोन परिवर्तन, सामाजिक निराशा र अन्य बाधा-बिघ्नहरूले भरिएका हुन्छन् भन्ने कुरा हामी भुल्न सक्तैनौं। डिजिटल उपकरणहरूमा बिताइएको समय त आजका किशोर-किशोरीहरूका जीवन र व्यक्तिगत जीवनलाई असर गरिरहेका कारक तत्त्वहरूको पहिल्यै जटिल सम्मिश्रणमा एउटा थप तत्त्व मात्रै हो।

# निष्कर्ष

किशोर-किशोरीहरू अनलाइन हुन्छन्। अनलाइनले किशोर-किशोरीहरूलाई प्रभाव पारिरहेको हुन्छ। हाम्रो निम्ति यी तथ्यहरूको तात्पर्य के हुन्छ? मनन गरिनुपर्ने केही विचारहरू:

- **भिडियोहरू किशोर-किशोरीहरूका जाने ठाउँ र जवान मानिसहरूकहाँ पुग्ने सशक्त माध्यम हुन्।**
  स्मरण रहोस्, ९४% किशोर-किशोरीहरू हरेक दिन भिडियोमा संलग्न भइरहेका हुन्छन्। ख्रीष्टको निम्ति जवान मानिसहरूकहाँ पुग्ने यो आकर्षक माध्यमलाई हामी कसरी प्रयोग गर्न सक्छौं?

- **सामाजिक सन्जाल किशोर-किशोरीहरूकहाँ पुग्ने प्रभावकारी तरिका बन्न सक्छ।**
  यधपि,अधिकांश किशोर-किशोरीहरूले हरेक दिन यस्ता प्लेटफर्ममा धेरै समय दिइरहेका हुँदैनन् (६४% ले दिनमा १ घण्टा वा कम समय बिताउँछन्।) सामाजिक सन्जालमा विषय-वस्तु बाँड्दाखेरि तपाईंको सन्देश स्पष्ट छ कि छैन भनी सुनिश्चित गर्नु महत्त्वपूर्ण हुन्छ जसले गर्दा उनीहरूले यसो हल्का-फुल्का मात्रै नपढून्।

- **स्क्रिनमा बढी समय बिताउने किशोर-किशोरीले चर्को समस्या भोगिरहेका हुन सक्ने प्रबल संभावना हुन्छ।**
  अनलाइनमा बढी समय विताउने किशोर-किशोरीहरू कतिपय एकदमै गम्भीर मानसिक समस्याहरूसँग जुधिरहेका हुन सक्छन्। त्यसकारण कुराकानीमा उठ्न सक्ने विषयहरूप्रति प्रत्युत्तर जनाउन तपाईं कसरी तयार हुन सक्नुहुन्छ विचार गर्नुहोस्।




# पहिचान र सम्बन्धहरू


# हामीले पत्ता लगाएको कुरा

झण्डै आधा किशोर-किशोरीहरू **लिङ्ग मुख्यगरी व्यक्तिको जन्मजात जनेन्द्रियमा आधारित हुन्छ** भनी विश्वास गर्दछन्।






अरू बाँकी किशोर-किशोरीहरूचाहिँ लिङ्ग भनेको **व्यक्तिले** आफ्नो **व्यक्तिगत अनुभूति वा यौन आकर्षणहरू** अनुसार **आफैले निर्धारण गर्ने कुरा** हो भन्ने सोच्छन्।





विवाह बारे किशोरहरूमा भन्दा **किशोरीहरू**मा **कम परम्परागत** दृष्टिकोण रहेको पाइन्छ।





विश्वभरि **४८%** किशोर-किशोरीहरू विवाह भनेको **पुरूष र स्त्री बीच मात्रै हुनु पर्दैन भन्ने धारणा राख्छन्।**



**१० किशोर-किशोरीहरूमध्ये १** जनाले चाहिँ यौन र विवाह बारे **धर्मशास्त्रीय दृष्टिकोण** अङ्गालेको पाइन्छ।




आफ्नो **पारिवारिक अनुभव समग्रमा सुमधुर रहिआएको** र उही व्यक्तिहरूले **आफूलाई राम्ररी चिन्ने घनिष्ट मित्रहरू भएको** बताउने ८२% को प्रतिवेदनमा **किशोर-किशोरीहरू आफ्ना सम्बन्धहरूमा सन्तुष्ट** रहेको उल्लेख छ।

# रुचिको रुपमा लिङ्ग पहिचान

किशोर-किशोरीहरूले आफ्नो पहिचान कसरी निर्माण गर्छन् भन्ने विषयमा समावेश अत्यन्तै जटिल सम्पूर्ण पक्षहरू हामी मापन गर्न सक्तैनौं, तर उनीहरूले आफू र अरुहरूलाई कसरी हेर्छन् भन्ने कुराबाट चाहिँ थाहा पाउन सक्छौं।


लिङ्गको विषय आउँदाखेरि ठीक बीचाबाट किशोर-किशोरीहरू छुट्टिन्छन्। विश्वभरिकै झण्डै आधा किशोर-किशोरीहरूले लिङ्गचाहिँ मुख्यगरी व्यक्तिको जन्मजात जनेन्द्रियमा आधारित हुन्छ भन्दछन्। तर आजका अरु आधा किशोर-किशोरीहरू चाहिँ लिङ्ग रूचि हो अर्थात व्यक्तिगत अनुभूति वा व्यक्तिका यौन आकर्षणअनुसार स्व-निर्धारित हुन सक्ने कुरा हो भन्ने धारणा राख्छन्।

## लिङ्ग खासमा निम्न कुरामा निर्धारित हुँदछ




विश्वका धेरैजसो ठाउँहरूमा यो धारणा कि धेरै किचाहिँ थोरै प्रकट भएको पाइन्छ।


## क्षेत्र आधारमा लिङ्गीय दृष्टिकोण



# लिङ्ग पहिचान र परिवर्तन


**कोही व्यक्तिले अर्कै लिङ्ग बन्न आफ्नो शरीर परिवर्तन गर्नु ठीक छ?**

● छ ● छैन ● सायद





**लिङ्ग विभाजन**

**"छ" भन्ने जवाफ दिइएको**




किशोरहरू किशोरीहरू

**हट्स्पट देश**




यदि कुनै व्यक्तिले आफूलाई भिन्नै लिङ्ग हुँ भन्ने लागेमा उनीहरूले त्यस सम्बन्धमा केही गर्न सक्नुपर्दछ भनेर पनि धेरै किशोर-किशोरीहरू विश्वास गर्दछन्। कोही व्यक्तिले अर्कै लिङ्ग बन्न आफ्नो शरीर परिवर्तन गर्नु स्वीकारयोग्य छ भनी विश्वभरि ५ किशोर-किशोरीहरूमध्ये २ जनाले उल्लेख गरेका छन्, तर क्षेत्र र देशअनुसार धारणाहरू भने एकदमै भिन्न रहेका छन्।

- उनीहरूले धर्म वा नैतिकता बारे संवाद गर्न अनिच्छुक भएका हुनाले, (पृष्ठ हेर्नुहोस्) किशोर-किशोरीहरूमा लिङ्गीय पहिचान बारे निश्चित धारणाहरू रहेको पाइन्छ।
- विश्वभरि १०% किशोर-किशोरीहरूले गत तीन महिनाभित्र आफूले लिङ्गीय पहिचान अन्योलता अनुभव गरेको कुरा बताएका छन्।
- १५% किशोर-किशोरीहरूले आफूलाई एकदमै भिन्नै लिङ्गको रुपमा महसुस भएको बताएका छन्।
- आफ्नो लिङ्गीय पहिचानसँग जुधिरहेका छौं भनी किशोरहरूले भन्दा किशोरीहरूले उल्लेख गर्न सक्ने संभावना अलिकति मात्रै बढी छ (९% विरुद्द १२%)।
- अधिकांश किशोरीहरू (५९%) ले लिङ्ग मुख्यगरी व्यक्तिका अनुभूति वा इच्छाहरुमा आधारित हुन्छ भनी विश्वास गर्दछन्। यही धारणा राख्ने (४२%) किशोरहरू तुलनात्मक रुपमा निकै कम छन्।
- कोही व्यक्तिले अर्कै लिङ्ग बन्न आफ्नो शरीर परिवर्तन गर्नु ठीक छ भनी किशोरहरूले भन्दा किशोरीहरूले भन्ने संभावना पनि निकै बढी रहेको पाइन्छ (३२% विरूद्द ५२%)।


# धर्मको भूमिका

धर्मले लिङ्गीय पहिचानमा किशोर-किशोरीको धारणामा प्रभाव पार्दछ।


- **६३%** गैर-धार्मिक किशोर-किशोरीहरू लिङ्ग व्यक्तिले अनुभूति गर्ने वा उनीहरूको यौन आकर्षण आधारित स्व-निर्णित हुन्छ भनी विश्वास गर्दछन्।
- **६२%** मुस्लिम किशोर-किशोरीहरूले लिङ्ग जन्मजात जनेन्द्रियमा आधारित हुन्छ भनेका छन्।
- **५०%** इसाई किशोर-किशोरीहरूले लिङ्ग जन्मजात जनेन्द्रियमा आधारित हुन्छ भनेका छन्।

समर्पित इसाई बन्नुले लिङ्गीय समस्या सम्बन्धी किशोर-किशोरीको धारणामा प्रभाव वृद्दि गर्दछ।

## इसाई किशोर-किशोरीहरूका प्रश्न-उत्तरहरू




इसाई किशोर-किशोरीहरू समलिङ्गी आकर्षणको प्रतिरोधी होइनन्।




## देश आधारमा समान लिङ्गप्रति आकर्षण

**बढी संभावना**

१. युके २९%
२. अर्जेन्टिना २९%
३. इन्डिया २९%

**कम संभावना**

१. भियतनाम १४%
२. जापान १४%
३. इन्डोनेशिया ७%


# *सम-लिङ्ग आकर्षणसितको सम्बन्धहरू*

तथ्यहरूलाई गहिरिएर हेर्दा विभिन्न रोचक सम्बन्धहरू उजागर भयो:

- किशोरहरूको तुलनामा दुई गुणा बढी **किशोरीहरू** सम-लिङ्ग आकर्षण हुने संभावना हुन्छ (२८% विरुद्द १३%)।
- राम्रो पारिवारिक अनुभव भएकाहरू भन्दा **नराम्रो पारिवारिक अनुभवका** किशोर-किशोरीहरूले सम-लिङ्ग आकर्षण अनुभव गर्ने संभावना बढी हुन्छ (१८% विरुद्द ३०%)।
- कुनै धर्म नभएका किशोर-किशोरीहरूको तुलनामा कुनै **धर्मको** पहिचान बोकेका किशोर-किशोरीहरू सम-लिङ्ग आकर्षण हुने संभावना कम हुन्छ (२५% विरूद्द १८%)।
- **मुस्लिमहरू (१३%) र समर्पित इसाईहरू (१२%)** बीच सम-लिङ्ग आकर्षण पनि बेस्सरी कमि छ।

सम-लिङ्ग आकर्षणचाहिँ बिरलै आफै हुने चीज हो; यो अरु व्यवहारहरूसँगसँगै जोडिएर आउने देखिन्छ।


## सम-लिङ्ग आकर्षणसँग परस्पर सम्बन्ध हुने ४ कारक तत्त्वहरू



# विवाहको विकृतिपूर्ण दृष्टिकोण

## विवाहमा किशोर-किशोरीहरू

**के विवाह जीवनभरिको समर्पण हुनुपर्छ?**



पर्छ पर्दैन शायद

५७% १६% २७%

**के विवाह पुरूष र स्त्री बीच मात्रै हुनुपर्छ?**




पर्छ पर्दैन शायद

४०% ४८% १२%


### लिङ्ग विभाजन

**"छ" भन्ने जबाफ दिइएको**




किशोर किशोरीहरू


**हुँदैन' उत्तर दिएको**





यो नछुटाउनुहोस्, है।

किशोर किशोरीहरू

### हटस्पट देश




अत्यधिक/न्यूनतम "पर्छ"




अत्यधिक/न्यूनतम "पर्दैन"

किशोर-किशोरीहरूले विवाह सम्बन्धीका पारम्पारिक आस्थाहरू इन्कार गरिरहेका छन्।

- **५७%** किशोर-किशोरीहरू विवाह जीवनभरिको समर्पण हुनुपर्छ भन्ने मत राख्छन्।
- **२७%** किशोर-किशोरीहरू अनिश्चित छन्।
- **१६%** किशोर-किशोरीहरू असहमत छन्।

पक्का आधा (४८%) किशोर-किशोरीहरू विवाह पुरूष र स्त्री बीच मात्रै हुनुपर्छ भन्ने छैन भन्ने धारणा राख्छन् भने ४०% ले चाहिँ पुरूष र स्त्री बीच नै विवाह हुनुपर्छ भन्छन्।


किशोरहरूको भन्दा किशोरीहरूको विवाह बारेको धारणाचाहिँ फरक रहेको पाइन्छ। औसत रुपमा, किशोरीहरू विवाह जीवनभरिको समर्पण हुनुपर्छ भन्ने धारणा कम राख्छन् (५३% विरूद्द ६१%) भने विवाह पुरूष र स्त्री बीच नै हुनुपर्छ भन्ने छैन भन्ने धारणा झन बढी राख्छन् (५८% विरूद्द ३८%)।

विवाह सम्बन्धी फरक-फरक संस्कृतिको फरक-फरक धारणा रहेको पाइन्छ। उदाहरणको लागि, ल्याटिन अमेरिकाका किशोर-किशोरीहरूमा भन्दा अफ्रिकाका किशोर-किशोरीहरूमा विवाह सम्बन्धी पारम्पारिक दृष्टिकोणको संभावना बढी रहेको पाइन्छ।


विवाह बारेको बाइबलीय दृष्टिकोणचाहिँ एकदमै अल्पमतको धारणा भएको छ। १० जना किशोर-किशोरीहरू मध्ये १ जनाले मात्रै विवाह पुरूष र स्त्री बीचको आजीवन समर्पण हुनुपर्छ र यौनचाहिँ विवाहकै सन्दर्भको निम्ति जोगाइनु पर्छ भन्ने धारणा राखेको पाइन्छ।

# साथीसँगका र पारिवारिक सम्बन्धहरू

**शुभ खबर पनि छ!** ठूलो सङ्ख्याका किशोर-किशोरीहरू (८२%) आफ्ना साथीसँगका र पारिवारिक सम्बन्धहरूमा सन्तुष्ट रहेको बताउँछन्। यस अध्ययनमा प्रतिनिधित्व भएका व्यापक विविधताका परिवारहरू, संस्कृतिहरू र परिस्थितिहरू मध्यनजर गरिएको यो एउटा उल्लेखनीय ठूलो हिस्सा हो।



**५७% किशोर-किशोरीहरू दुई अभिभावक (बुबा र आमा) भएको परिवारमा बस्छौं भनी उल्लेख गरेका छन्।**



**३५% किशोर-किशोरीहरूले एकल अभिभावक वा अन्य परिवार सदस्यहरूसँग बस्छौं भनेका छन्।**

हाम्रो अध्ययनमा इन्डिया मात्रै त्यस्तो देश थियो जहाँ यी दुई तथ्याङ्कहरू ठीक विपरीत भए। **इन्डियाका झण्डै आधा (४७%) किशोर-किशोरीहरूले आफूहरू एकल अभिभावकसँग बसेको, अनि २०% मात्रैले दुई जना अभिभावकसँग बसेको बताएका छन्।**

रोचक कुरा, इन्डियाका ९३% किशोर-किशोरीहरूले हाम्रो अध्ययनका २० देशहरूमध्ये आफ्नो पारिवारिक अनुभवमा अत्यन्तै सन्तुष्ट भएको उल्लेख गरेका छन्।

आफ्ना अभिभावकहरूसँगका महत्त्वपूर्ण कुराकानीहरू गर्नुले किशोर-किशोरीहरूलाई आफ्नो परिवारसँग घनिष्ट अनुभूत गर्न सहायता गर्ने महत्त्वपूर्ण कुरा बन्न सक्छ।






**विश्वभरिका ८१% किशोर-किशोरहरूले आफ्ना बुबा-आमाहरूसँग आफूसित साँच्चिकै सरोकार राख्ने विषयहरू बारेमा कहिलेकाहीँ वा प्रायः कुराकानी गर्ने गरेको बताउँछन्।**

५ जना किशोर-किशोरीरहरूमध्ये १ जना ले बिरलै वा कहिले पनि कुराकानी नगरेको बताएका छन्।

# बढी र कमि





- **बढीः** इन्डियाका ६३% किशोर-किशोरहरूले आफ्ना बुबा-आमाहरूसँग आफूसित साँच्चिकै सरोकार राख्ने विषयहरू बारेमा प्रायः कुराकानी गर्ने गरेको बताउँछन्।
- **कमिः** युएसएका १० जना किशोर-किशोरहरूमध्ये ३ जनाले आफ्नो पारिवारिक अनुभव समग्रमा राम्रो नभएको बताए।

परिवारको अलावा किशोर-किशोरीहरूले आफ्नो जीवनमा बलियो सम्बन्धहरूलाई पनि अत्यन्तै महत्त्व दिन्छन्।

> विश्वभरि ८२% किशोर-किशोरीहरूले आफूलाई राम्ररी चिन्ने घनिष्ट साथीहरू छन् भनी उल्लेख गर्दछन्।

## मित्र सन्तुष्टीको हटस्पट देश




किशोर-किशोरीहरूले आफ्नो साथीहरू र परिवारमा सन्तुष्टि खोज्ने कुरा आउँदा धर्म र लिङ्गले महत्त्व राखेको देखिदैन। घनिष्ट मित्रता, सकारात्मक पारिवारिक अनुभव, साथै उनीहरूले आफ्ना अभिभावकहरूसँग अर्थपूर्ण कुराकानी गरिरहेका छन् कि छैनन् भन्ने प्रतिवेदनको सवाल आउँदा किशोर र किशोरी दुवैका साथै विभिन्न धर्मका किशोर-किशोरीहरूबाटका जवाफहरू बिलकुल उस्तै थिए।

# निष्कर्ष

किशोरावस्थाको पहिचान जटिल हुन्छ, त्यसैगरी सम्बन्धहरू पनि जटिल हुन्छन्! तर यसको अर्थ किशोर-किशोरीहरू हामी को हौं र हामी समुदाय तथा समाजमा कहाँनेर छौं भनेर ठम्याउन कोसिस गर्दै छटपटाइहरेको चुपचाप हेरिबस्छौं भन्ने होइन। तपाईंलाई अचम्मित तुल्याउने तथ्याङ्‌बाट शुरू गर्नु एउटा राम्रो अवसर हो। तपाईंलाई अचम्मित तुल्याउने केही तथ्याङ्क बुँदाहरू यस प्रकार छन्:

- आजका आधा किशोर-किशोरीहरू लिङ्‌ग भनेको मानिसका व्यक्तिगत भावनाहरू वा यौन इच्छाहरूअनुसार स-निर्धारित हुन सक्ने कुरा हो भन्ने धारणा राख्छन्।
  यस्तो किसिमको परिदृश्यमा लिङ्‌ग भनेको आफ्नो रोजाइ र अधिकार हो भन्ने धारणा पालेका जवान मानिसहरूलाई हाम्रो रचित पहिचान बारेमा बाइबलले बताउने कुरा हामी कसरी प्रस्तुत गर्दछौं त?

- किशोर-किशोरीहरू विवाह भनेको पुरूष र स्त्री बीचको आजीवन समर्पण हो भन्ने पारम्पारिक दृष्टिकोणदेखि अलग भइरहेका छन्।
  विवाहप्रतिको परमेश्वरको योजना मात्रै होइन तर करारको कुरा आउँदा समर्पणका फाइदाहरू समेत बुझ्न हामी किशोर-किशोरीहरूलाई कसरी सहायता गर्दछौं?

- किशोरहरूमा भन्दा किशोरीहरूको विवाह सम्बन्धी बाइबलीय दृश्टिकोण कम छ र उनीहरूले लिङ्‌ग पहिचान समस्याहरू अझै चर्को गरी अनुभव गरिरहेका हुन सक्छन्।
  यी विषयहरूमा परमेश्वरले के भन्नुहुन्छ भन्ने बारेमा अझै गहन रुपमा चिन्तन-मनन गर्नको लागि किशोरीहरूलाई मार्गनिर्देशन गर्ने स्वस्थ समर्थनमा यस चेतनालाई कसरी बदल्न सक्छौं?

- किशोर-किशोरीहरू आफ्ना पारिवारिक सम्बन्धहरूमा एकदमै सन्तुष्ट हुन्छन्।
  इन्डियन किशोर-किशोरीहरू प्रायजसो एक्लो परिवारमा बसिरहेका भए तापनि उनीहरू आफ्नो पारिवारिक अनुभवमा सबैभन्दा बढी खुशी भएको देख्नुचाहिँ रोचक थियो। किशोर-किशोरीहरूले आफ्नो संरचना जस्तो भए पनि वा यात्रामा जे-जस्तो कठिनाइहरू भोग्ने भए तापनि उनीहरूले आफ्नो परिवारलाई स्वाभाविक रुपमा प्रेम गर्छन् भन्ने कुरा देखिन्छ।




# प्रभावहरू र मार्गनिर्देशक आवाजहरू

# हामीले पत्ता लगाएको कुरा

## जीवनको अर्थ

किशोर-किशोरीहरू भन्दछन्—सही र गलत के हो अनि जीवनको परिभाषा के हो जस्ता जीवनका अत्यन्तै महत्त्वपूर्ण कतिपय सवालहरूमा मार्गदर्शनको निम्ति **परिवार** हाम्रो अति महत्त्वपूर्ण व्यक्ति हुन्।







## लिङ्‌ग र यौनिकता

लिङ्‌ग र यौनिकताको बारेमा कुराकानी आउँदाखेरि **सामाजिक सन्जाल र साथीहरू** किशोर-किशोरीहरुका प्रमुख प्रभावहरू हुन्।

**धार्मिक आस्था बारे आफ्नो मन परिवर्तन गर्ने** पहिलो कारण भनेको **व्यक्तिगत अनुभवहरू** हुन् भनी किशोर-किशोरीहरू उल्लेख गर्दछन्।



धार्मिक आस्था बारे आफ्नो मन परिवर्तन गर्ने प्रमुख कारण भनेको **पास्टरका शिक्षाहरू** हुन् भनी तुलनात्मक रुपमा थोरै इसाई किशोर-किशोरीहरूले उल्लेख गरेका छन्।






नामधारी किशोर-किशोरीहरूभन्दा **समर्पित इसाई** किशोर-किशोरीहरू मार्गदर्शनको निम्ति आफ्नो **पास्टर वा बाइबलतर्फ फर्कने** संभावना चार गुणा बढी हुन्छ।

# किशोर-किशोरीहरूले परिवारलाई भरोसा गर्छन्

## जीवन बारेका संवादहरूको अर्थ



१ परिवार सदस्यहरू ४१%
२ सामाजिक सन्जाल २०%
३ साथीहरू/ दौंतरीहरू १९%
४ शिक्षक-शिक्षिकाहरू/ परामर्शदाताहरू ७%
५ अफलाइन सन्चार माध्यम ७%
६ धार्मिक अगुवाहरू/ सन्देश ७%

## सही र गलत संवादहरू



१ परिवार सदस्यहरू ५०%
२ साथीहरू/ दौंतरीहरू १६%
३ सामाजिक सन्जाल १४%
४ शिक्षक-शिक्षिकाहरू/परामर्शदाताहरू ९%
५ धार्मिक अगुवाहरू/सन्देश ७%
६ अफलाइन सन्चार माध्यम ५%


किशोर-किशोरीहरूले मजबुत विचार व्यक्त गर्दछन् तर उनीहरू प्रायः अनिश्चित र अरू कसैको दृष्टिकोणको सिर्फ प्रतिध्वनि हुन्छन्। विस्तृत नै नभए पनि यो तथ्याङ्कले हामीलाई आजका किशोर-किशोरीहरूले आफ्ना दृष्टिकोणहरू कसरी निर्माण गर्दछन् भन्ने अन्तर्दृष्टि प्रदान गर्दछ।

किशोर-किशोरीहरूले जीवनका कतिपय अति महत्त्वपूर्ण विषयहरूमा आफूहरू अधिकजसो परिवारतर्फ फर्कने गरेको बताउँछन्। **जीवनको अर्थ वा सही र गलत कुराको सेरोफेरोका सवालहरू आउँदा परिवार सदस्यहरू प्रमुख प्रभाव हुन्छन्।** किशोर-किशोरीहरूका प्रमुख तीन प्रभावहरू—शिक्षकहरू वा परामर्शदाताहरू, धार्मिक अगुवाहरू वा सन्देशहरु र अफलाइन सन्चार माध्यमहरु उनीहरूको सूचीमा निकै तल्लो श्रेणीमा रही साथीहरू वा दौतरीहरू र सामाजिक सन्जाल माथिल्लो श्रेणीमा रहेका छन्।

जीवनको अन्तिम उद्देश्य बारे व्यक्तिको धारणा र त्यस धारणाबाट उत्पन्न हुने नैतिकताले उसले गर्ने व्यवहारमा गहिरो सम्बन्ध राख्दछ। किशोर-किशोरीहरूले आफ्नो विश्व-दृष्टिकोण अर्थात मार्गनिर्देशक आस्थाहरूको ढाँचा स्थापित गरिरहेको अवस्थामा यी दुई मूलभूत प्रश्नहरू किशोरावस्थाका ज्यादै महत्त्वपूर्ण वर्षहरूमा अत्यन्त महत्त्वपूर्ण हुन्छन् जुन विश्व-दृष्टिकोणलाई उनीहरूले वयस्क उमेरमा अगाडि लिएर जानेछन्।

नैतिकताको कुरा आउँदा अन्य कुनै क्षेत्रका किशोर-किशोरीहरूभन्दा ल्याटिन अमेरिकाका किशोर-किशोरीहरू परिवारमा अझै मजबुत रुपमा परिवारमा भर पर्दछन्। ल्याटिन अमेरिकाका ५ जना किशोर-किशोरीहरूमध्ये ३ जनाले सही र गलत के हो भन्ने विषयमा जानकारी वा मार्गनिर्देशनको निम्ति परिवार नै आफ्नो सर्वश्रेष्ठ व्यक्तिहरु हुन् भनी उल्लेख गर्दछन्।


## देशआधारमा सही र गलत कुरा सम्बन्धी पारिवारिक प्रभाव




नकारात्मक पारिवारिक अनुभवहरू उल्लेख गर्ने किशोर-किशोरीहरूका देशहरूमा पनि परिवार महत्त्वपूर्ण मार्गनिर्देशक आवाजको रुपमा रहेको पाइन्छ। उदाहरणार्थ, किशोर-किशोरहरूको पारिवारिक सन्तुष्टिको सन्दर्भमा संयुक्त राज्य अमेरिका सबैभन्दा तल्लो श्रेणीमा रहेको देश हो। यधपि, अमेरिकी किशोर-किशोरीहरू सही र गलत के हो (५२%) भन्ने बारेमा वा जीवनको अर्थ (४२%) बारे जानकारी वा मार्गनिर्देशनको निम्ति अधिकजसो परिवारमा जाने गरेको बताउनमा औसतभन्दा बढी छन्। यात्रामा बाधाहरू आए तापनि बुबा-आमा र परिवार सदस्यहरू नै किशोर-किशोरीहरूका जीवनमा निरन्तर विश्वासिला प्रभावहरू भइरहन्छन् भन्ने देखिन्छ।

किशोर-किशोरीहरूका प्रभाव भने उनीहरूको धर्मको आधारमा फरक-फरक देखिन्छ। जीवनको अर्थ बारे मार्गनिर्देशनको निम्ति अन्य किशोर-किशोरीहरूभन्दा इसाई किशोर-किशोरीहरू आफ्नो परिवारकहाँ जाने संभावना बढी हुन्छ, र सामाजिक सन्जाल वा साथीहरू वा दौंतरीहरूकहाँ मार्गनिर्देशन खोज्ने संभावनाचाहिँ केही मात्रामा कमै हुन्छ। १० जना इसाई किशोर-किशोरीहरूमध्ये १ जनाभन्दा कम व्यक्तिले जीवनको अर्थ बारेमा मार्गनिर्देशनको निम्ति अक्सर गरेर आफ्ना पास्टरहरूकहाँ गएको वा बाइबलमा हेरेको कुरा उल्लेख गरेको छ।

## धर्म आधारमा प्रभावहरू-जीवनको अर्थ




यो लेखाइ त्रुटी होइन, यो बुँदा अति महत्त्वपूर्ण भएकोले यसलाई पुनः कपी गरिरहेका छौं।

**१२ जना किशोर-किशोरीहरूमध्ये १ जनाले मात्रै आफूहरू जीवनको अर्थ बारेमा मार्गनिर्देशनको निम्ति अक्सर गरेर आफ्ना पास्टरहरूकहाँ गएको वा बाइबलमा हेरेको कुरा उल्लेख गरेको छ।**

यो कुरा बुझ्न केही समय लगाऔं र गलत ठाउँहरूमा सत्य र अर्थ अक्सर खोज्न सक्ने यस पुस्ताको निम्ति प्रार्थना गरौं।

## *लिङ्ग र यौनिकता छुट्टै छलफलको विषय हो।*

### लिङ्ग र यौनिकताका कुराहरू



1. सामाजिक सन्जाल **३६%**
2. साथीहरू/दौंतरीहरू **२३%**
3. परिवार सदस्यहरू **२०%**
4. शिक्षक/परामर्शदाताहरू **११%**
5. अफलाइन सन्चार माध्यम **६%**
6. धार्मिक अगुवाहरू/सन्देशहरू **४%**

**३ जना किशोर-किशोरीहरूमध्ये १ जनाले लिङ्, यौनिकता र यौन मुद्दाहरूका विषयहरूमा जानकारी वा मार्गनिर्देशनको निम्ति अक्सर गरी सामाजिक सन्जालतिर उन्मुख भएको उल्लेख गरेको छ।** किशोर-किशोरीहरू प्राय-प्राय गरी आफ्नो मार्गनिर्देशक आवाज बनाउन इन्टरनेट उन्मुख हुन्छन्; त्यसपछि उनीहरू समर्थनको निम्ति साथीहरू वा दौंतरीहरूलाई हेर्छन्, अनि तेस्रोमा परिवारसित परामर्श लिन्छन्। फेरि पनि, धार्मिक अगुवाहरू वा सन्देशहरू चाहिँ यस सूचीको एकदमै तल्लो खण्डमा पर्छन्।

इसाईहरू माझ पनि उपर्युक्त विषयहरू सम्बन्धी किशोर-किशोरीहरूको प्रमुख प्रभावको रुपमा रहेको परिवारलाई सामाजिक सन्जालले विस्थापित गरेको छ। लिङ्ग र यौनिकताको विषय आउँदाखेरि सामाजिक धारणाहरू बुलन्द भइदिन्छन् भन्ने कुरा यसले देखाउँदछ। ख्रीष्टसित हिँडिरहेका व्यक्तिहरूको हकमा पनि संस्कृतिको आवाजचाहिँ धर्मशास्त्र वा मण्डलीका अन्य आवाजहरू भन्दा झन चर्को भइरहेको देखिन्छ।

यधपि, इसाई मतका मूल आस्थाहरू आङ्गल्ने र बाइबल अध्ययन र प्रार्थनाको आदत भएका समर्पित इसाईहरू माझ उल्लेखनीय भिन्नताहरू देख्दछौं। यी किशोर-किशोरीहरूले आफ्नो आत्मिक अगुवाहरू र परमेश्वरको वचनप्रति झन बढी चासो दिइरहेका हुन्छन्। नामधारी इसाईहरूको तुलनामा समर्पित इसाई किशोर-किशोरीहरूले मार्गनिर्देशनको निम्ति आफूहरू धार्मिक अगुवाहरू र सन्देशहरूतर्फ उन्मुख भइरहेको कुरा झन्डै चार गुणा बढी उल्लेख गर्दछन्।

**बारेमा जानकारी वा मार्गनिर्देशनको निम्ति धार्मिक अगुवाहरू वा सन्देशहरूमा अघि बढ्नु...**




# उनीहरूको मन परिवर्तन गर्ने कुरा

प्रभावहरूले सुसूचित हुन र धारणाहरू निर्माण गर्न सहायता गर्दछन्, तर दिनको अन्तमा हरेक व्यक्तिले आफूले के विश्वास गर्ने र त्यो विश्वासमा कति दह्रो गरी अडिग रहने भनी आफ्नो निम्ति निर्णय गर्नुपर्दछ।

किशोर-किशोरीहरूले अघि नै अङ्गिकार गरिसकेका धार्मिक आस्थाहरु सम्बन्धी किशोर-किशोरीको मन के कुराले परिवर्तन गर्दोरहेछ भनी हामीले पत्ता लगाउन चाहेका थियौं। अधिकांश व्यक्तिको हकमा व्यक्तिगत अनुभव (जस्तो कि प्रार्थनाको उत्तर) विश्वास परिवर्तन गर्नलाई उनीहरूको निम्ति सबैभन्दा विश्वसनीय अवसर भएको देखियो।

**धार्मिक विश्वास बारे तपाईंको मन परिवर्तन गर्नलाई सबैभन्दा बढी संभावना के हुन्छ होला?**

१ प्रार्थनाको उत्तरजस्ता व्यक्तिगत अनुभवहरू: **३७%**

२ अनलाइन वा पुस्तकहरूमा मेरो आफ्नै खोज: **२६%**

३ मेरा बुबा-आमासितको कुराकानी: **१८%**

४ धार्मिक अगुवाहरूका शिक्षाहरू: **१२%**


५ साथीसँगको कुराकानी: **८%**

फेरि एक पटक, इन्डियन किशोर-किशोरीहरू अचम्म तरिकाले फरक थिए जहाँ झण्डै आधा (४६%) किशोर-किशोरीहरूले आफ्ना बुबा-आमासितको संवादमा उनीहरूको मन परिवर्तन गर्ने संभावना सबैभन्दा बढी रहेको बताएका थिए भने व्यक्तिगत अनुभवहरूलाई निकै तल्लो श्रेणी (१५%) मा राखेका थिए।

कुनै पनि धर्म नमान्ने किशोर-किशोरीहरू आफ्नै खोजमा अति धेरै भर पर्दछन् तर त्यसो भए पनि व्यक्तिगत अनुभवद्वारा अझै बढी प्रभावित हुन्छौं भन्ने कुरा गर्दछन्। व्यक्तिगत अनुभवहरूले आफ्नो मन परिवर्तन हुन्छ भन्नेमा अन्य धर्मका किशोर-किशोरीहरू भन्दा इसाई किशोर-किशोरीहरू झन बढी छन्। सबै धर्महरूमध्ये मुस्लिमले चाहिँ व्यक्ति अनुभवमा अत्यन्तै न्यून र उनीहरूका धार्मिक अगुवाहरूका शिक्षाहरूमा सबैभन्दा बढी जोड दिँदछ।

** यस खण्डमा समावेश सबैभन्दा ठूलो समूह भनेका मुस्लिमहरू हुन्: अरू धर्म तल चार्टमा समावेश गरिएको छ।*

## धार्मिक विश्वास बारे आफ्नो मन परिवर्तन गर्ने प्रबल संभावना



# निष्कर्ष

किशोर-किशोरीहरूले आफ्ना प्रमुख प्रभावहरू र मार्गनिर्देशक आवाजहरू बताउनुको साथै पहिचान गरे। के हामीले सुनिरहेका छौं त? उनीहरूले दिएका जबाफहरू बारेमा विचार गर्नु पर्ने केही कुरा यस प्रकार छन्:

- **जीवनका अति महत्त्वपूर्ण प्रश्नहरूको सन्दर्भ आउँदा किशोर-किशोरीहरू मार्गनिर्देशनको निम्ति भरोसासहित अन्ततः आफ्नै परिवारमा फर्कन्छन्।**
  बुबा-आमाहरूले आफ्नो छोराछोरीको जीवनको निम्ति बोल्ने र उनीहरूका धारणा तथा व्यवहारमा प्रभाव पार्ने सौभाग्यलाई हलका लिनु हुँदैन।

- **लिङ्ग र यौनिकताको चर्चाको संस्कृतिले धर्मशास्त्र र मण्डलीको आवाज निष्तेज भइरहेको छ।**
  सामाजिक सन्जाल र दौंतरी समूहमार्फत संस्कृति जोड्दार र व्यापक हुनुको साथै यसले यस्ता यी महत्त्वपूर्ण विषयहरूमा किशोर-किशोरीहरूको लागि मानक स्थापित गरिरहेको छ। आम प्रचलित धारणासँग बाझिए पनि परमेश्वरले के भन्नुहुन्छ भन्ने कुरालाई जोड दिनको निम्ति यस स्थानमा अगुवाको रुपमा हामी कसरी अगाडि बढ्न सक्छौं?

- **व्यक्तिगत अनुभवहरू किशोर-किशोरीहरूका जीवनमा अत्यन्तै प्रभावपूर्ण हुन्छन्।**
  ख्रीष्टमा पहिलेदेखि हिँडिरहेका किशोर-किशोरीहरू आफ्नो विश्वासका वास्तविक अनुभवहरूको भोका भइरहन्छन् र परमेश्वर हुनुहुन्न भन्नेहरू पनि यदि परमेश्वरसित व्यक्तिगत रुपमा साक्षात्कार भएमा आफ्नो मन परिवर्तन गर्न खुला रहेका छन्। त्यस्ता अनुभवहरू हुन दिनलाई वातावरण र अवसरहरु सिर्जना गर्न हामी कसरी सहायता पुर्‍याउन सक्छौं?



## रोब होस्किनको पत्र

# *के हामीले सुनिरहेका छौं त?*

यस खोजको आधारमा आजका किशोर-किशोरीलाई कसले र केले प्रभाव पारिरहेको छ भन्ने कुरा अहिले हामीलाई ठ्याक्कै थाहा भइसकेको छ। भावना-प्रधान संस्कृति माझ धर्मी पुस्ता खडा गर्ने काम असंभव लाग्छ, तर हाम्रो परमेश्वर असंभवको परमेश्वर हुनुहुन्न; उहाँ त अपरिहार्य सत्यको परमेश्वर हुनुहुन्छ।

आजका हाम्रा किशोर-किशोरीहरूले जुन कुरा भोगिरहेका छन् ठ्याक्कै ती कुरा हामीले हाम्रा निर्माण हुने वर्षहरूमा अनभव नगरेको हुन सक्ने भएकाले यो प्रतिवेदनजस्तो खोजचाहिँ खुलासापूर्ण छ। यस खोजबाट हामी हाम्रा किशोर-किशोरीहरूले दिन प्रतिदिन कस्ता चुनौतीहरू भोगिरहेका छन् भन्ने वास्तविकता थाहा पाउन सक्छौं।

संस्कृतिले दुषित तुल्याएको लिङ्ग र यौनिकता जस्ता विषयहरूमा किशोर-किशोरीहरूले बुद्दिपूर्ण परामर्शको चहाना गर्छन् भन्ने कुरा यी पृष्ठहरूले छर्लङ्ग पार्दछन्। हाम्रा जवान-जवानीहरू माझ व्यक्तिगत सङ्घर्षहरू र आत्म-हत्याका कल्पना/प्रयासहरूका भयानक दरहरू भनेको सहायताको लागि उनीहरूको टड्कारो पुकार हुन्। उथल-पुथलको यस्तो सागरमा हिम्मत नहार्नुहोस् किनभने यहाँ शुभखबर छ! किशोर-किशोरीहरूले आफ्नो जीवनको बारेमा ठूला-ठूला निर्णयहरू गर्नुपर्दाखेरि परिवारलाई (शारीरिक वा आत्मिक) नै आफूहरू जाने पहिलो थलोको रुपमा लिन्छन्।

दुर्भाग्यको कुरो, परमेश्वरको वचनमा पाइने साँचो सत्यताका स्रोतहरूतिर, पास्टरहरू र मण्डलीतिर लाग्नुको सट्टा हाम्रा किशोर-किशोरीहरू हामी को रहेछौं र हाम्रो उद्देश्य के रहेछ भन्ने उत्तरहरू खोज्नको निम्ति गुगल र युट्यूबतिर लागिरहेका देखिन्छन्। उनीहरूको अन्योलता नौलो भने होइन। वास्तवमा, "हामीले बाटो कसरी थाहा पाउने?" भनी जीवनको ठूलो प्रश्न गर्ने यूहन्ना १४:५-६ को शङ्का गर्ने थोमासित आजका किशोर-किशोरीहरू धेरै हदसम्म मेल खान्छन् भन्ने मलाई लाग्छ।

हाम्रा किशोर-किशोरीहरू संस्कृति व्यापक र प्रभावपूर्ण रहेको संसारतिर लाग्ने प्रयास गर्ने भएकाले उनीहरूलाई अनन्त सत्यताको बाटो देखाउन सहायता गर्नु हाम्रो जिम्मेवारी हो। थोमाको पालामा जसरी सत्य ठहरिए आज पनि त्यसरी नै सत्य साबित शब्दहरूले जवाफ दिनुहुने येशूतर्फ हामीले किशोर-किशोरीहरूलाई औंल्याउनु पर्दछ। पछिल्ला पुस्ताले आफ्ना जवाफहरू छर्लङ्ग भएका छन् भन्ने कुरा जान्नु जरूरी हुन्छ, र यो संसार जतिसुकै जटिल, अन्योलपूर्ण र समस्याग्रस्त भए पनि उनीहरूले सधैँ सत्य पत्ता लगाउन र उहाँका वचनहरूमा आफ्नो आचरणहरू पाउन सक्छन्।

*"म बाटो हुँ।"*

# एउटा-आशा बारे

विश्वभरिका स्थानीय मण्डलीहरू, सेवकाइहरू र सरकारहरूसँगको साझेदारीमा एउटा-आशा सेवकाइले १.६ अरब भन्दा बढी बालबालिकाहरू र किशोर-किशोरीहरूकहाँ परमेश्वरको वचन पुर्‍याइसकेको छ। एउटा-आशाले देशभित्र सन्चालन गर्ने खोज-अनुसन्धानको आधारमा, धर्मशास्त्रका कार्यक्रमहरू उमेर सुहाउँदो र सांस्कृतिक सान्दर्भिक बनाइएका छन्। सन १९८७ देखि एउटा-आशाले हरेक देशका बालबालिका र किशोर-किशोरीहरूलाई आशाको जीवन परिवर्तनकारी सन्देश बताउँदै बालबालिकालाई परमेश्वरको कथा अनुभव गर्न सहायता पुऱ्याएको छ। यस बारेमा अधिक जानकारीको निम्ति onehope.net. मा हेर्नुहोस्।

# कार्य-पद्दति

यस अध्ययनले २० वटा देशहरूमा १३ देखि १९ वर्षका ८,३९४ किशोर-किशोरीहरू बीच सर्वेक्षण गऱ्यो। हरेक देशमा लगभग ४०० जना किशोर-किशोरीहरूको प्रतिनिधि नमूनाले १३ देखि १९ वर्षका किशोर-किशोरीहरूका हकमा खाँटी जनसङ्ख्या प्रतिशतको ५% भित्रका प्रतिशत परिणामहरू ९५% निश्चित भएको र तदानुरुप तथ्याङ्कीय परीक्षण गर्न तथ्याङ्कीय शक्ति प्रदान गऱ्यो। बहु-देशीय क्षेत्रहरूमा र विश्वव्यापी रुपमा, भरोसाको स्तर अझ उच्च रहेको र त्रुटिको अन्तर अझै कम भएको पाइयो।

५ देशहरू (चीन, इजिप्ट, इन्डिया, जापान र भियतनाम) मा धर्मआधारित विश्लेषण र तुलना होस् भन्ने उद्देश्यले कम्तिमा १०% उत्तरदाताहरू चाहिँ इसाईहरू हुन सकून् भनी कोटा प्रणाली प्रयोग गरिएको थियो। अन्य केही देशहरूमा चाहिँ कोटा प्रणाली प्रयोग नगरी इसाईहरू वा मुस्लिमहरूको न्यूनत्तम १०% लक्षित नमूना समूहबाट उत्तर लिइयो वा नजीक-नजीक पुऱ्याइयो। कम्तिमा ४०% उत्तरदाताहरू महिला हुन सकून् भनेर केन्यामा पनि नमूना कोटा प्रयोग गरियो।

सेन्टिमेन्ट रिसर्च (Centiment Research) द्वारा लेख्य साधन वितरण गरिएको थियो। गुणस्तर नियन्त्रण मापकको रुपमा उत्तरदाताहरूले सामान्य ध्यान-जाँच प्रश्नको गलत तरिकाले जवाफ दिएमा उनीहरू अयोग्य ठरिन्थे। रुचिका खास विषयहरू पत्ता लगाउनलाई प्रत्येक क्षेत्रको लागि विशेष रूपले तयार पारिएका केही अतिरिक्त प्रश्नहरूको साथमा ७० मूल (आधार) प्रश्नहरू रिसर्च लेख्य-साधनमा समावेश थिए।

# तथ्याङ्क सङ्कलन

यस अध्ययनको तथ्याङ्क २०२०, फेब्रुअरी २४ देखि २०२०, मार्च २७ सम्म सङ्कलन गरिएको थियो। अनलाइनमा बिताइएको कूल समय र मानसिक स्वास्थ्य सूचकहरू साथै निराशा, चिन्ता र यस अध्ययनको हिस्साको रुपमा विचार गरिएका अन्य कुरा लगायत तथ्याङ्क बुँदाहरूलाई असर पार्न सक्ने भन्ठानिएका व्यवस्थित आश्रय-स्थल र क्वारेन्टिन आदेशहरूका असरहरू किशोर-किशोरीहरूले व्यापक रूपमा महसुस गर्न थाल्नु पहिले यो खोज-अनुसन्धानले किशोर-किशोरीहरूका आस्था र व्यवहारहरू सही रुपले झल्काउँछ भन्ने हामीले विश्वास लिएका छौं। कोभिड-१९ महामारीको कारण देशभरि बन्दाबन्दी लागू हुनु अघि चीन बाहेक सबै देशमा तथ्याङ्क सङ्कलन पूरा भइसकेको थियो। चीनचाहिँ छिटोभन्दा छिटो बन्दाबन्दी प्रक्रिया लागू गर्ने महामारी उत्पति केन्द्रको रूपमा विशेष अपवाद थियो।

| देश | तथ्याङ्क सङ्कलन मिति |
|---|---|
| अर्जेन्टिना | फेब्रुअरी २७—मार्च २, २०२० |
| ब्राजिल | फेब्रुअरी २७—मार्च ११, २०२० |
| चीन | फेब्रुअरी २७—मार्च ६, २०२० |
| कोलम्बिया | फेब्रुअरी २७—मार्च २, २०२० |
| इजिप्ट | फेब्रुअरी २७—मार्च ९, २०२० |
| इन्डिया | फेब्रुअरी २८—मार्च १७, २०२० |
| इन्डोनेशिया | फेब्रुअरी २७—मार्च ७, २०२० |
| जापान | फेब्रुअरी २७—मार्च २३, २०२० |
| केन्या | फेब्रुअरी २५—मार्च २७, २०२० |
| मेक्सिको | फेब्रुअरी २७—मार्च २, २०२० |
| नेदरल्यान्ड्स | फेब्रुअरी २७—मार्च ८, २०२० |
| नाइजेरिया | फेब्रुअरी २४—मार्च २०, २०२० |
| पोर्चुगल | मार्च ७—मार्च १८, २०२० |
| रोमनिया | फेब्रुअरी २८—मार्च १३, २०२० |
| रसिया | फेब्रुअरी २७—मार्च २, २०२० |
| दक्षीण अफ्रिका | फेब्रुअरी २४—मार्च ७, २०२० |
| स्पेन | मार्च ७—मार्च १३, २०२० |
| युनाइटेड किङग्डम | फेब्रुअरी २४—मार्च ३, २०२० |
| अमेरिका | फेब्रुअरी २४—फेब्रुअरि २९, २०२० |
| भियतनाम | मार्च १३—मार्च २६, २०२० |

# परिभाषाहरू

### समर्पित इसाई

यहोवाको साक्षी वा मोर्मन बाहेक इसाई हुँ भनी स्व-पहिचान दिने र निम्न मापदण्ड पूरा गरेका किशोर-किशोरीहरूः

- परमेश्वर हुनुहुन्छ र उहाँसँग हामी व्यक्तिगत सम्बन्ध स्थापना गर्न सक्छौं भनी विश्वास गर्ने।
- येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्ने।
- पाप क्षमा येशू ख्रीष्टमा विश्वास गरेर मात्रै संभव छ भनी विश्वास गर्ने।
- बाइबल परमेश्वरको वचन हो भनी विश्वास गर्ने।
- कमसेकम हप्तामा स्वम् बाइबल पढ्ने।
- दैनिक वा हप्तामा प्रार्थना गर्नु।

स्मरण रहोस्—समर्पित इसाई किशोर-किशोरीहरू क्याथोलिक, सेभन्थ डे एडभान्टिस्ट, अर्थोडक्स, वा कुनै अरु सम्प्रदाय हुन सक्छन्।

### नामधारी इसाईहरू

यहोवाको साक्षी वा मोर्मन बाहेक इसाई हुँ भनी स्व-पहिचान दिने तर समर्पित इसाईहरूका निम्ति स्थापित अभ्यासहरू वा मूलभूत आस्थाहरू मापदण्ड पूरा नगरेका किशोर-किशोरीहरू नामधारी इसाई हुन्।

### अन्य धर्महरू

बुद्दिस्ट, हिन्द,यहूदी, मुस्लिम, वा अरू धर्महरूको रुपमा स्व-पहिचान दिने किशोर-किशोरीहरू।

### धर्म नभएको

नास्तिक, संशयवादी, वा माथिको कुनै पनि होइन भनी स्व-पहिचान दिने किशोर-किशोरीहरू।

## प्रश्नहरू?

यो खोज सम्बन्धी कुनै प्रश्नहरू? research@hopeeducation.org मा सम्पर्क गर्नुहोला।

विश्व युवा संस्कृति, ग्लोब रिपोर्ट
सर्वाधिकार ©२०२१, OneHope, Inc.
६००, एस डब्ल्यू थर्ड स्ट्रिट पोमपानो, एफ एल ३३०६०
onehope.net

धर्मशास्त्र होली बाइबल, नेपाली-आर.भी. बाट लिएको,
बाइबल सोसाइटी इन्डिया, अनुमतिद्वारा प्रयोग गरिएको।
सर्वाधिकार सुरक्षित।



# विश्व
## युवा संस्कृति

OneHope
God's Word. Every Child.

वानहोप | ६००, एस डब्ल्यू थर्ड स्ट्रिट पोमपानो बिच, एफ एल, ३३०६० | १-८००-४४८-२४२५ | onehope.net